NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

**कार्टर सेन्टर नेपालको निर्वाचन आयोगलाई नयाँ मतदाता दर्ता सूचीमा मतदाता संख्या वृद्धि गराउने तथा तथ्यांकको गुणात्मकता सूधार गर्ने प्रयासहरुलाई निरन्तरता दिन आग्रह गर्दछ।**

**तत्काल प्रकाशनका लागि**
**जुलाई २६,२०१२**

**सम्पर्क**
**एटलान्टामाः डेबोरा ह्याक्स,** +१ ४०४ ४२० ५१२४
**काठमाडौंमाः स्यारा लेभिटसोर,** +९७७ १ ४४४ ५०५५/१४४६

काठमाडौं ... । आज प्रकाशित एक प्रतिवेदनमा कार्टर सेन्टरका पर्यवेक्षकहरुले नेपालको निर्वाचन आयोगले नयाँ मतदाता सूचीलाई अन्तिम रुप दिनेतर्फ निरन्तर प्रगति, तर दर्ता संख्या, नागरिकता प्रमाणपत्र जस्ता योग्यताजन्य कागजातमा पहुँच तथा तथ्यांकको गुणात्मकतामा चुनौतीको सामना, गरिरहेको पाएका छन्।

सकारात्मक रुपमा निर्वाचन आयोगले सबै जिल्लाबाट प्राप्त दर्ता तथ्यांकलाई सफलतापूर्वक एकत्रित गरेको छ र लगभग १ करोड ८० लाख दर्ता भएकाहरुलाई बायोमेट्रिक तथ्यांकका साथ एकीकृत विद्युतीय सूचीमा समावेश गर्न शुरुवात गरेको छ। जनसाधारणलाई हालै नयाँ मतदाता नामावली पुनरावलोकन गर्ने र प्राप्त त्रुटीहरुलाई सच्याउने अवसर दिइएको थियो। पर्यवेक्षण गरिएका क्षेत्रहरुमा हालसम्म कार्टर सेन्टरका टोलीहरुले मानिसहरु मतदाता नामावलीमा त्रूटीपूर्णरुपले समाविष्ट भएको कुनै उल्लेख्य संकेत प्राप्त गरेनन्।

तथापि, मतदाता नामावलीहरुको प्रदर्शनले अज्ञात संख्याका दर्ता अभिलेखहरु हटाउन सकिने खालका त्रुटिहरुद्वारा प्रभावित भएको पनि देखायो। निर्वाचन आयोग यतिबेला ती त्रुटिहरु सच्याउने प्रक्रियामा छ। केही मतदाताहरुको ठेगाना गलत वडामा परेको त्रुटि सबैभन्दा बढी देखिएको छ, तर अन्य प्रकारका त्रुटिहरु पनि पत्ता लागेका थिए।

"तथ्यांकको गुणात्मकता जाँच गर्नु नेपालको नयाँ मतदाता सूचीलाई अन्तिम रुप दिनकालागि सकारात्मक कदम हो। निर्वाचन आयोगले निर्वाचनका दिनमा आइपर्ने समस्याहरु रोक्न प्राप्त त्रुटीहरुलाई सच्याउनका लागि समय र उर्जा समर्पित गर्न जारी राख्नु पर्छ र मतदाता संख्या वृद्धि गर्ने प्रयासहरुलाई पनि जारी राख्नु पर्छ," कार्टर सेन्टरका प्रजातन्त्र कार्यक्रमका सहनिर्देशक डा. डेविड पोट्टीले भन्नुभयो।

निर्वाचन आयोगले नयाँ मतदाता सूचीमा मतदाता संख्या बढाउने उद्धेश्यले छुटेका मतदाता दर्ता गर्ने कार्य हालै सञ्चालन गऱ्यो। तथापि कार्टर सेन्टर अझै पनि उल्लेख्य संख्याका योग्य मतदाताहरु (सम्भवत एक देखि चालीस लाख) दर्ता हुन बाँकी रहेको हुन सक्ने जनाउँछ। निर्वाचन आयोगलाई समयको चाप हेरी आगामी निर्वाचनअघि नै दर्ताको अर्को एक चरणका लागि विचार गर्न सुझाव दिन्छ।

कार्टर सेन्टरको प्रतिवेदनमा बर्णन गरिएका अन्य तथ्यहरुमा अस्पष्ट मार्गदर्शन र अपर्याप्त तालिमका कारण प्रदर्शन, दावी र विरोध प्रक्रियाको कार्यान्वयनमा उल्लेख्य असमानता रहेको बताइएको छ। यस बाहेक, केही क्षेत्रहरुमा मतदाता नामावली प्रदर्शन तथा छुटेका मतदाता दर्ताका लागि छुट्याइएको समय अत्यन्त कम रहेको उल्लेख गरिएको छ। साथै ती दुवै प्रक्रियाहरुमा सहभागीहरुको संख्या न्यून थियो।

कार्टर सेन्टरले मतदाता नामावली नियममा मतदातालाई नामावलीबाट गल्तीले अथवा अनुचित तवरले हटाउनबाट जोगाउन पर्याप्त सुरक्षा उपाय प्रदान नगरेको पनि पाएको छ। यद्यपि यसले व्यवहारमा ठूलो समस्या ल्याउने देखिदैन तर यो सच्याउनै पर्ने गम्भीर कानूनी मामिला हो।

अन्त्यमा, कार्टर सेन्टरले गृह मन्त्रालयले नागरिकता नभएका योग्य नेपालीहरु र नागरिकता नभएकै कारणले आगामी निर्वाचनमा सहभागी हुन वञ्चित हुनुपर्ने जोखिममा रहेकाहरुलाई नागरिकता वितरण गरेर उनीहरुको मताधिकारमा पूर्ण पहुँच सुनिश्चित गर्ने अवसर गुमाएको पाएको छ। फेब्रुअरी २०११ को सर्वोच्च अदालतको फैसलाले त्यस कार्यलाई अधिकार दिएको छ।

कार्टर सेन्टर निर्वाचन आयोग र सरकारलाई हालसम्मका सकारात्मक प्रयासहरुलाई उपयोग गर्न र अझ बढी निष्पक्षता, पहुँच र दर्ता हुन चाहने नेपालीहरुका लागि अवसर प्रदान गर्न थप कदमहरु चाल्न उत्प्रेरित गर्दछ। कार्टर सेन्टरका तथ्य तथा सुझावहरु आगामी दिनका छलफलहरुका लागि उपयोगी बुँदाहरु प्रदान गर्ने अपेक्षासाथ आपसी सहकार्य र सम्मानको भावमा पेश गरिएका छन्।

सेन्टरको पूर्ण प्रतिवेदन www.cartercenter.org मा उपलब्ध छ।